## साधारण सुनाइ भएको बच्चाले गर्न सक्ने केही कुराहरू:

***जन्म देखि 3 महिनाको उमेरसम्म***
- *आकस्मिक, ठूलो ध्वनि हुँदा झिम्काउँछ वा उफ्रन्छ*
- *उसँग बोल्दा शान्त हुन्छ वा हास्छ*
- *"उ" र "आ" जस्ता आवाजहरू बनाउँछ*

***3 देखि 6 महिनाको उमेरसम्म***
- *आँखाले आवाजहरू खोज्दछ*
- *बड्बडाउनु सुरु गर्दछ ("बाबा", "मामा", "गागा")*
- *धेरै आवाजहरू, चित्कारहरु, तथा मुस्कानहरु प्रयोग गर्दछ*

***6 देखि 9 महिनाको उमेरसम्म***
- *ठूलो आवाज तर्फ टाउको घुमाउँछ*
- *"हुन्न-हुन्न" वा "बाइ-बाइ" बुझ्दछ*
- *बड्बडाउँछ, उदाहरणको लागि - "बाबा," "मामा," "गागा"*

***9 देखि 12 महिनाको उमेरसम्म***
- *तपाईंले बनाउने सरल शब्दहरू र ध्वनिहरू दोहोऱ्याउँछ*
- *ठीक रूपमा "मामा" वा "दादा" प्रयोग गर्दछ*
- *गीत गाउने वा संगीतमा प्रतिक्रिया गर्दछ*
- *सोधेको बेला मनपर्ने खेलौना र वस्तुलाई औँलाले देखाउँछ।*



*यदि तपाईंसँग आफ्नो बच्चाको सुनाइ वा यी माइलस्टोनहरू बारे प्रश्नहरू छन् भने, आफ्नो बच्चाको स्याहार पेशेवरसँग कुरा गर्नुहोस्।*

नेब्रास्का प्रारम्भिक सुनुवाई

EHDI

अनुसन्धान तथा हस्तक्षेतप कार्यक्रम

402-471-6770 वा टोल नि:शुल्कमा कल गर्नुहोस्: 1-888-545-0935
http://dhhs.ne.gov/publichealth/EHDI

संसोधित 07/2015

## यदि मेरो बच्चाले सुन्ने शक्ति गुमायो भने कसले मद्दत गर्न सक्छ?

Nebraska मा **Early Development Network**।

उनीहरूलाई उनीहरूको टोल-नि:शुल्क नम्बर**1-888-806-6287** मा सम्पर्क गर्नुहोस्।

Early Development Network

बच्चाहरूले प्रतीक्षा गर्न सक्दैन

## मैले थप जानकारी कहाँ प्राप्त गर्न सक्छु?

## तपाईंको बच्चाको आगामी सुनाइ स्क्रिनिङ्को लागि एक भेटवार्ता को समय मिलाईएको छ:

**तपाईंको बच्चाको नाम**

**मिति र समय**

**स्थान**

**फोन नम्बर**

***यदि तपाईंले पुनः भेटवार्ता को समय मिलाउनु परेमा कृपया कल गर्नुहोस्***

U.S. Department of Health and Human Services
HRSA
Health Resources and Services Administration

*यस परियोजनालाई अनुदान नम्बर H61MC00065, Universal Newborn Hearing Screening, $249,678 कुल पुरस्कार रकम बमोजिम, U.S. Department of Health and Human Services (HHS) कोHealth Resources and Services Administration (HRSA) द्वारा समर्थन गरिएको छ।कुनै पनि गैर-सरकारी स्रोतहरूले कार्यक्रमलाई समर्थन गर्दैन।यो जानकारी वा सामग्री र निष्कर्षहरू लेखकका हुन् यसलाई HRSA, HHS वा U.S. Government को औपचारिक पद वा नीतिको रूपमा अनुमानित गर्नुहुँदैन न त यी द्वारा कुनै पनि अनुमोदनहरू अनुमान गर्नुहुँदैन। .*

# तपाईंको बच्चालाई अर्को सुनाइ स्क्रिनिङ आवश्यक छ



NEBRASKA
Good Life. Great Mission.
DEPT. OF HEALTH AND HUMAN SERVICES

Nepali

## मेरो बच्चालाई किन अर्को सुनाइ स्क्रिनिङ (जाँच) आवश्यक छ?

कोही कोही बच्चाहरूलाई निम्न कारणले गर्दा अर्को स्क्रिनिङ आवश्यक पर्न सक्छ:

◊ कानमा तरल पदार्थ भएकोले गर्दा

◊ परीक्षण कोठामा हल्ला भएकोले गर्दा

◊ बच्चा अत्यन्त धेरै चलिरहेको थियो

◊ बच्चामा सुन्ने शक्ति नभएको हुन सक्छ

**अर्को सुनाइ स्क्रिनिङ आवश्यक पर्ने प्राय बच्चा हरूमा साधारण सुनाइ हुन्छ।**

**कोही कोहीमा सुन्ने शक्ति नभएको हुन सक्छ।**





## सकेसम्म चाँडो अर्को सुनाइ स्क्रिनिङ गर्नु किन महत्वपुर्ण छ?

- बच्चामा सुन्ने शक्ति छ कि छैन भनी थाहा पाउने एक मात्र तरिका स्क्रिनिङ हो।
- सुनाइ शक्ति छैन भनी जति चाँडो फेला पार्न सकिन्छ, तपाईंको बच्चाको लागि त्यति नै उचित हुनेछ।
- बोल्न र सिक्नको लागि सुन्नु महत्त्वपूर्ण हुन्छ।
- यदि तपाईंको बच्चामा सुन्ने शक्ति छैन भने, मद्दत उपलब्ध छ। तपाईं एक्लो हुनुहुन्न।

**पहिले नै सुन्ने शक्ति छैन भनी फेला पार्नाले तपाईंको बच्चाको जीवनमा विशाल भिन्नता ल्याउन सक्छ।**

## मेरो भेट घाटको बेला के हुनेछ?

- तालिम-प्राप्त पेशेवरले तपाईंको बच्चालाई स्क्रिन गर्नेछ र तपाईंलाई परिणामहरू बताउनेछ वा थप जाँचहरू आवश्यक छ कि छैन भनी भन्नेछ।
- स्क्रिनिङ सुरक्षित र दुखाइ-रहित छ।
- केही बच्चाहरूलाई सुनाइ परीक्षणहरूको पूर्ण सेट आवश्यक पर्न सक्छ, त्यसैकारण तपाईंलाई आफ्नो बच्चा फेरी ल्याउन अनुरोध गर्न सकिन्छ।
- यदि तपाईंको बच्चालाई थप जाँच आवश्यक परेमा, सकेसम्म चाँडो गर्नुहोस्।

## नवजात शिशुले सुनाइ स्क्रिनिङ उत्तीर्ण गर्न सक्छ र अझै पनि सुनाइ शक्ति नभएको हुन सक्छ?

हो, कोही कोही बच्चाहरूले प्रथम स्क्रिनिङमा उत्तीर्ण हुनको लागि उचित रूपमा सुन्न सक्छनन निम्न कारणहरूले गर्दा भविष्यमा सुन्ने शक्ति गुमाउन सक्छन्:

◊ कुनैरोग

◊ कुनैऔषधि

◊ कुनैचोट-पटक

◊ सुन्ने शक्ति गुमाएको पारिवारिक इतिहास

- तपाईंको बच्चा ठूलो हुँदै जाँदा सुन्ने शक्ति गुमाएका संकेतहरू हेर्नुहोस्।
- पछाडि भएको सूचीलाई निर्देशिकाको रूपमा प्रयोग गर्नुहोस्।
- यदि तपाईंसँग आफ्नो बच्चाको सुनाइ बारे प्रश्नहरू भएमा, तपाईंको बच्चाको स्वास्थ्य पेशेवरसँग कुरा गर्नुहोस्।